# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

१ नं.प्रदेश, नेपाल


पत्र संख्या:०७५।०७६
चलानीनं.:१५६३

मितिः२०७६।०१।०५

## बोलपत्रआव्हान सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति :-२०७६।०१।०५)

यस कार्यालयद्वारा चालु आ.व. २०७५।०७६ मा तपसिल बमोजिमको निर्माण कार्य बोलपत्रद्वारा गराउनुपर्ने भएकोले इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

१) बोलपत्र वापत लाग्ने दस्तुर (फिर्ता नहुने गरी) रु.३०००।-(तीन हजार) यस कार्यालयको नाममा रहेको रा.बा. बैक. ओखलढुंगास्थित यस कार्यालयको स्थानीय तह सञ्चित कोष खाता नम्बर २०७०३०४०१८१०२ मा जम्मा गरेको सक्कल भौचर, फर्म दर्ता प्रमाणपत्र, आ.व. २०७५।०७६ का लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाणपत्र, स्वघोषणा पत्र र अन्य आवश्यक कागजातहरुको प्रतिलिपीहरु निवेदनसाथ संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र फर्मको नाम, ठेक्का नं., कामको विवरण र काम गर्ने स्थान समेत प्रष्टसँग उल्लेख गरी बोलपत्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

३) यसरी दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्वन्धित फर्महरु समेतको रोहवरमा (प्रतिनिधि उपस्थिति नभए पनि) खोलिनेछ ।

४) बोलपत्रका साथ आफूले कबोल गरेको कबोल अंकको ३ % (प्रतिशत) ले हुने रकमयस कार्यालयको नामको राष्ट्रिय वाणिज्य बैंक ओखलढुंगास्थित स्थानीय तह सञ्चित कोष खाता नम्बर २०७०३०३००७१०२मा सम्बन्धित फर्मको नामबाट जम्मा गरेको सक्कल भौचर वा स्वीकृत प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला हुने अन्तिम मितिबाट घटीमा १२० (एक सय बीस) दिनको ) मान्य अवधि भएको बैंक जमानत(Bid Bond) बोलपत्रका साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

५) कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६) एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मले भरेर दर्ता गराउन पाउने छैन । साथै कार्यालयबाट खरिद गरेको सक्कल बोलपत्र फारम मात्र पेश गर्न पाइने छ ।

७) सिलबन्दी बोलपत्र फाराममा र यस सूचनामा लेखिएको कुराहरुको हकमा सोही अनुसार र सो मा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

८) यस सूचना बमोजिम बोलपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन कुनै प्रकारको सार्वजनिक विदा परेमा सोको लगतै भोलिपल्ट कार्यालय खुलेको दिनमा कार्यालय समयभित्र उक्त कार्यहरु हुनेछन् । साथै एकैदिन बोलपत्र खरिद र दर्ता गर्ने दुवै कार्य परेमा सो दिन दिनको १२:०० बजेसम्म मात्र उक्त कार्यहरु हुनेछन् ।

९) अन्य विस्तृत जानकारी को लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।सम्पर्क नं ०३७-५२०२१३

तपसिल-

| क्र.सं. | ठेक्का नं. | कार्य विवरण /स्थान | निर्माण कार्यको लागत अनुमान (भ्याट र ओभरहेड समेत) | जमानत रकम रु. | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५/०७५/०७६ | सदरमुकामस्थितमिलनचोक खाद्द गोदाम-जिल्लाप्रशासनकार्यालय जाने बाटो हुदै हुलाकडाडा कृष्ण मन्दिर र साल्मेखोरिया-कृष्ण मन्दिर रमाइलोडाडा जाने सडक स्तरोन्नती | १,२६,८९,९५५।०३ | ३,८०,०००।- | ३०००।- | |

कार्यालयप्रमुख
सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय
भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत